# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७ मिति : २०७९/०५/१०

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७९/०५/१० मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको नियम नं. ५

## एक मावि एक नर्स कार्यक्रम संचालन कार्यविधि, २०७९

# एक मावि एक  नर्स कार्यक्रम संचालन कार्यविधि २०७९

**प्रमाणिकरण मिति : २०७९/०५/१०**

**प्रस्तावना**

विद्यालय स्वास्थ्य कार्यक्रमलाइ प्रभावकारी बनाउन तथा विद्यालय तहबाटै बालबालिकालाई पोषणयुक्त तथा संन्तुलित खाने कुरा खानकालागी उत्प्रेरित गरि स्वस्थ जिबनशैली अपनाउन,ब्यक्तिगत र बाताबरणिय सरसफाइमा सुधार ल्याउन किसोर,किसोरी यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन, किसोरी हरूको महिनावारी ब्यबस्थापन गर्न,जटिल स्वास्थ्य समस्या भएको अवस्थामा प्रेषण गरी जोखिम अवस्था बाट बचाउन, विद्यालयमा स्वास्थ्य सेवाको पहुँच पुर्याइ विद्यार्थीको स्वास्थ्य अवस्था सुधार गर्न,स्वस्थ जीवनशैलीका लागी सकारात्मक परिवर्तन ल्याउन प्रशासकीय कार्यबिधी (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गेरूवा गाउँपालिका बाट यो एक मावि एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७९ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो निर्देशिकाको नाम एक मावि एक नर्स कार्यक्रम संचालन कार्यविधि २०७९ रहेको छ ।

(ख) यो निर्देशिका राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) विद्यालय भन्नाले गेरूवा गाउँपालिका अन्तरगतका सार्वजनिक र निजि लगानी बाट संन्चालित विद्यालयलाई सम्झिनु पर्दछ ।

(ख) सार्वजनिक विद्यालय भन्नाले नेपाल सरकार, प्रदेश सरकार, तथा स्थानीय तहको अनुदान र लगानीमा संन्चालन भएका प्रचलित कानुन अनुसारका सामुदायीक विद्यालय सम्झिनु पर्दछ ।

(ग) निजि लगानीका विद्यालय  भन्नाले निजि लगानी बाट स्थापना वा संन्चालन भएको विद्यालय वा प्रचलित कानुन बमोजिम संस्थागत विद्यालय सम्झिनु पर्दछ ।

(घ) विद्यालय स्वास्थ्य कार्यक्रम भन्नाले सम्पुर्ण विद्यालयका विद्यार्थी,बालबालिका,किसोर,किसोरी,शिक्षक तथा अन्य कर्मचारी हरूको स्वास्थ्य प्रवर्धन गरी स्वस्थ विद्यालय तथा सिकाइ मैत्री वातावरण सृजना गर्ने कार्यक्रम सम्झिनु पर्दछ

(ङ) विद्यालय नर्स भन्नाले नेपाल सरकार बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ बिषयमा प्रविणता प्रमाणपत्र तह उतिर्ण भई नेपाल नर्सिङ परिषदमा दर्ता भएको ।

(च) विद्यालय स्वास्थ्य समन्वय समिति भन्नाले दफा ८ बमोजिम गठन भएको समिती सम्झिनु पर्दछ ।

(छ) विद्यालय स्वास्थ्य ईकाइ भन्नाले स्वास्थ्य सम्बन्धी कामकाज गर्न स्थापित दफा ९ बमोजिम गठन भएको विद्यालयको स्वास्थ्य ईकाइ सम्झिनु पर्दछ ।

(ज) स्वास्थ्य संस्था भन्नाले विद्यालय भएको वाडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी,आधारभूत अस्पताल वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्था सम्झिनु पर्दछ ।

(झ) गाउँपालिका भन्नाले गेरूवा गाउँपालिका बर्दिया सम्झिनु पर्दछ ।

(ञ ) गाउँ कार्यपालिकाको कार्यालय भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया सम्झिनु पर्दछ ।

(ट) शिक्षा शाखा भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा रहेको शिक्षा शाखा सम्झिनु पर्दछ

(ठ) स्वास्थ्य शाखा भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा रहेको स्वास्थ्य शाखा सम्झिनु पर्दछ ।

**<u>३. विद्यालय स्वास्थ्य सेवा कार्यक्रमका उदेश्यहरूः-</u>**

(क) विद्यालय स्तरबाटै बालबालिकाहरूलाई स्वस्थ जिबनशैली अपनाउन उत्प्रेरित गर्ने।

(ख) किसोर,किसोरीको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्धनकासाथै महिनावारी स्वास्थ्य ब्यबस्थापन गर्ने ।

(ग) स्वस्थ,स्वच्छ, सफा र सिकाइ मैत्री बाताबरण तयार गर्ने ।

(घ) विद्यालय स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्ने ।

(ङ) ब्यबहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गरि स्वास्थ्यमा सरकारात्मक परिवर्तन ल्याउने ।

(च) विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाइ मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने ।

(छ) प्राथमिक उपचार सेवा प्रदान गर्ने ।

(ज) स्वास्थ्य संग सम्बन्धित विद्यालय स्वास्थ्य कार्यक्रम संन्चालन गर्ने ।

(झ) स्वास्थ्य समस्याको पहिचान, सामान्य उपचार,रोकथामकासाथै जटिलता देखिएमा समयमा नै सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने ।

(ञ) विद्यार्थीहरूलाई परामर्श, सुझाब, सल्लाह दिई विद्यालय छोड्ने दर घटाउने ।

**<u>४. विद्यालय स्वास्थ्य कार्यक्रमको संन्चालन</u>**

**४.१ सार्वजनिक विद्यालयमाः-**

(क) विद्यालयमा ३०० वा ३०० भन्दा बढी विद्यार्थी भएका विद्यालयमा विद्यालय स्वास्थ्य कार्यक्रम संन्चालन गर्न विद्यालय नर्स राख्न सकिनेछ ३०० भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयहरूमा नजिकका २ (दुई) विद्यालय हेर्नेगरी १ (एक) जना विद्यालय नर्स राख्न सकिनेछ ।

(ख) विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा गेरूवा गाउँपालिका बर्दिया अन्तरगतका माध्यामिक विद्यालयहरू बाट शुरूवात गरी क्रमिक रूपमा सबै विद्यालयहरूमा लागु गरिने छ ।

(ग) कार्यक्रम संन्चालन गर्न गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया र विद्यालय बिच अनुसुची -१ बमोजिम सम्झौता गरी कार्यक्रम संन्चालन गर्नुपर्नेछ ।

(घ) विद्यालय स्वास्थ्य ईकाइ संन्चालनकालागी अनुसूची -२ (क) बमोजिम आबश्यक पुर्वाधारको ब्यबस्था विद्यालयले गर्नुपर्नेछ ।

(ङ) विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा संन्चालन गर्न अनुसुची -२ (ख) बमोजिमको आबश्यक औजार,उपकरण,औषधी तथा औषधीजन्य सामग्रीको ब्यबस्था गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले गर्नुपर्नेछ ।

(च) विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाको शिक्षा तथा स्वास्थ्य शाखाको समन्वयमा संन्चालन गर्नुपर्नेछ ।

(छ) विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा लागु गर्ने विद्यालयको नाम कार्यपालिका बैठक बाट निर्णयगरी लागु गर्नुपर्नेछ ।

**४.२ निजि लगानीका विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रमको संन्चालनः-**

(क) निजि लगानीका विद्यालयको हकमा स्थानीय तह संगको समन्वयमा तोकीएको मापदण्ड अनुरूप विद्यालय नर्सको ब्यबस्था विद्यालय आफैले गर्नुपर्नेछ ।

(ख) निजि लगानीका विद्यालयको हकमा विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवाकालागी नियुक्त गरिएका नर्सको तालिमको ब्यबस्था सम्बन्धित विद्यालयको हुनेछ । यस सम्बन्धमा गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया संग समन्वय भएमा तालिम सम्बन्धी प्राबिधिक सहयोग गर्न सकिनेछ ।

(ग) निजि लगानीका विद्यालयको हकमा विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवाकालागी आवश्यक औजार, उपकरण, सामाग्री, औषधी, भौतिक पूर्वाधार तथा अन्य आबश्यक ब्यबस्था सम्बन्धित विद्यालयले गर्नुपर्नेछ ।

(घ) निजि लगानीका विद्यालयले स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा र औषधी प्रदान गरेको आधारमा विद्यार्थीहरू संग अतिरिक्त शुल्क लिन पाउने छैन ।

**५. विद्यालय नर्सको छनौट**

(क) स्थायी दरबन्दी सृजना नभए सम्म गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले स्थानीय तहको बजेट बाट गेरूवा गाउँपालिका करारमा प्राबिधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यबिधि २०७५ अनुसार सेवा करारमा विद्यालय नर्स नियुक्ती गरिनेछ ।

(ख) विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवाकालागी नेपाल सरकार तथा प्रदेश सरकार बाट कार्यक्रम, कार्यबिधि सहित बजेट प्राप्त भएमा कार्यबिधीमा उल्लेख भए अनुसार हुनेछ ।

(ग) निजि लगानीका विद्यालयको हकमा विद्यालय नर्स छनौटको ब्यबस्था विद्यालय आफैले गर्नुपर्नेछ ।

(घ) यो कार्यविधि लागु हुनु भन्दा अगाडी गाउँपालिकामा कार्यरत नर्सहरूलाइ विद्यालयमा खटाइन सकिनेछ ।

**६. विद्यालय नर्सको काम, पारिश्रमिक र क्षमता अभिबृध्दि**

(क) विद्यालय नर्सको काम र कर्तब्य अनुसुची -३ बमोजिम हुनेछ ।

(ख) पारिश्रमिक गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले तोके बमोजिम हुनेछ ।

(ग) विद्यालय नर्सको कार्यक्षेत्र भित्र पर्ने क्षमता बिकास संग सम्बन्धीत तालिममा विद्यालय नर्सलाइ सहभागी गराइनेछ ।

(घ) विद्यालयमा लामो बिदा (हिउँदे/बर्षे/जाडो/गर्मि) भएको समयमा गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले विद्यालय नर्सलाई आफु मातहतको स्वास्थ्य संस्थामा खटाउनेछ ।

## ७. अभिलेख, प्रतिबेदन, समिक्षा, अनुगमन तथा मूल्यांकन

(क) विद्यालय नर्सले विद्यार्थीको स्वास्थ्य सम्बन्धी अभिलेख फारम अनुसुची -४ बमोजिम अद्यावधिक गराई राख्नुपर्नेछ

(ख) प्रत्येक महिनाको ७ गते भित्र अनुसूची-५ बमोजिमको ढाँचामा अघिल्लो महिनाको प्रतिबेदन तयार गरी विद्यालय नर्सले सम्बन्धित विद्यालय मार्फत १ (एक) प्रति शिक्षा शाखा तथा १ (एक) प्रति विद्यालय भएको वडाको स्वास्थ्य संस्थामा पठाउनु पर्नेछ र १ (एक) प्रति विद्यालयमा राख्नुपर्नेछ ।

(ग) विद्यालय नर्स बाट विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवाको प्रतिबेदन प्राप्त भए पश्चात शिक्षा शाखाले INTEGRATED EDUCATIONAL MANAGEMENT INFORMATION SYSTEM (IEMIS) र स्वास्थ्य संस्थाहरूले HEALTH MANAGEMENT INFORMATION SYSTEM (HMIS) वा DHIS-2 मार्फत मासिक रूपमा प्रतिबेदन पठाउनुपर्नेछ ।

(घ) गेरूवा गाउँपालिकामा हुने नियमित स्वास्थ्य संस्थाहरूको समिक्षा कार्यक्रममा विद्यालय स्वास्थ्य कार्यक्रमको पनि समिक्षा हुनेछ ।

(ङ) प्रत्येक बर्षको शैक्षिकसत्रको शुरूमा उपचार ब्यबस्थापन र प्रेषणकालागी विद्यार्थीको अभिभावक संग अनुसूची -६ अनुसार सुसूचित मन्जुरिनामाको अभिलेख अध्याबधिक गरी राख्नुपर्नेछ ।

(च) विद्यार्थी, शिक्षक, कर्मचारीलाई थप उपचारका लागी प्रेषण गर्दा अनुसूचि-७ बमोजिम दुई प्रति प्रेषण पुर्जा अध्याबधिक गरी एक प्रति सम्बन्धित स्वास्थ्य संस्था वा अस्पताललाई पठाउने र एक प्रति अभिलेख राख्ने ।

(छ) विद्यालय नर्सबाट सम्पादित कामहरूको अनुगमन तथा मूल्यांकन गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया तथा विद्यालय स्वास्थ्य समन्वय समितिले गर्नेछ ।

## ८. विद्यालय स्वास्थ्य समन्वय समितिको गठनः-

**(क) विद्यालय स्वास्थ्य समन्वय समितिको गठन देहाय बमेजिम हुनेछ ।**

(१) उपाध्यक्ष - संयोजक

(३) सामाजिक विकास समिति संयोजक -सदस्य

(२) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(३) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(४) संयोजकले तोकेको स्थानीय तहका प्रधानाध्यापक मध्ये बाट १ जना - सदस्य

(६) संयोजकले तोकेको विद्यालय ब्यवस्थापन समिति मध्ये बाट १ जना - सदस्य

(७) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**(ख) <u>विद्यालय स्वास्थ्य समन्वय समितिको काम, कर्तब्यः-</u>**

(१) विद्यालय स्वास्थ्य सेवा सन्चालनको लागि आवश्यक औजार, उपकरण, सामाग्री, औषधी, तालिम लगायतका बिषयमा विद्यालय र गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बिच समन्वय र सहजीकरण गर्ने ।

(२) विद्यालय स्वास्थ्य कार्यक्रम लाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागी सम्बन्धित विद्यालय लाई सुझाव ,सल्लाह दिने तथा विद्यालय स्वास्थ्य सेवा सन्चालनको क्रममा आएका समस्या लाई समाधान सहजीकरण गर्ने।

(३) विद्यालय स्वास्थ्य सेवाको नियमित अनुगमन र मुल्यांकन गर्ने ।

(४)विद्यालय नर्स लाई काम गर्न अनुकुल वातावरण को सृजना गर्ने ।

(५) विद्यालयमा सुर्तिजन्य पदार्थ,अत्यधिक चिनियुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण, जंक फुड नियन्त्रण ,स्वच्छ खानेपानी, लैंगिकमैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पुर्बाधार भए नभएको सन्दर्भमा आएका सुझाबलाई कार्यान्वियन गर्ने र बालबालिका मैत्री विद्यालय वातावरण निर्माण गर्ने ।

**९. <u>विद्यालय स्वास्थ्य इकाईः-</u>**

**(क) विद्यालय स्वास्थ्य कार्यक्रम सन्चालन गर्नकालागी देहाय बमोजिमको विद्यालय स्वास्थ्य इकाई रहने छ**

(१) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(२) महिला शिक्षक एक जना (वडा अध्यक्षले तोकेको) - सदस्य

(३) माध्यामिक तहका छात्र र छात्रा २ जना (विद्यालय स्वास्थ्य इकाई ले छनौट गरेका ) - सदस्य

(४) सम्बन्धित विद्यालयमा स्वास्थ्य सम्बन्धि बिषय अध्यापन गराउने शिक्षक - सदस्य

(५) विव्यस अध्यक्ष (१) जना - सदस्य

(६) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको १ जना वडा सदस्य - सदस्य

(७) सम्बन्धित विद्यालयको प्र.अ. -सदस्य सचिव

**<u>(ख) विद्यालय स्वास्थ्य इकाईको काम र कर्तब्यः-</u>**

(१) विद्यालयमा संन्चालन गर्नुपर्ने स्वास्थ्य कार्यक्रमको योजना तर्जुमा गर्नु पर्ने ।

(२) विद्यालय स्वास्थ्य सेवा प्रबाह गर्न आवश्यक पर्ने औजार, उपकरण, सामाग्री, औषधी व्यवस्था गर्न विद्यालय ब्यवस्थापन समिति समक्ष पेश गर्ने ।

(३) विद्यार्थीलाई बिभिन्न समुहमा स्वास्थ्यसंग सम्बन्धित कृयाकलापहरू गर्न सहजीकरण गर्ने ।

(४) विद्यालयको योजना कार्यक्रम र क्यालेण्डर बनाउँदा विद्यालय स्वास्थ्य सेवा सम्बन्धि कार्यक्रम भए नभएको बिषयमा सुनिश्चतता गर्ने

(५)आवश्यकता अनुसार बैठक बसी विद्यालय स्वास्थ्य कार्यक्रम तथा नर्सिङ सेवा सम्बन्धि छलफल र अन्य आबश्यक कार्यहरु गर्ने ।

**<u>१०. विद्यालय ब्यबस्थापन समितिको भूमिका</u>**

(क) स्वास्थ्य सेवाकालागी सहजिकरण र समन्वय गर्ने

(ख)औजार,उपकरण,सामाग्री,औषधी, स्वच्छ खानेपानी, भौतिक पूर्वाधार तथा अन्य आवश्यक ब्यबस्थाको सुनिश्चित गर्ने ।

(ग) विद्यालयमा सुर्तिजन्य पदार्थ,मदिराजन्य पदार्थ,जंक फुड लगायतका अखाद्य पदार्थ,अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण गर्ने ।

(घ) बालबालिका मैत्री विद्यालय बाताबरण निर्माण गर्ने ।

## अनुसूची -१

**गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया र विद्यालय बीचको सम्झौताको ढाँचा**

लिखितम गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया यसपछि प्रथम पक्ष भनिएको र .....विद्यालय यसपछि दोश्रो पक्ष भनिएको बीच भएको यस सम्झौता पत्र अनुसार देहायका शर्तको अधीनमा रही सेवा उपलब्ध गराउन दुबै पक्षको अधिकार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी सम्झौता गरी दुबै पक्षले एक/एक प्रति दियौं/लियौं ।

**सम्झौताका शर्तहरूः-**

१, नेपाल सरकार,प्रदेश सरकार,तथा स्थानीय तहको अनुदान र लगानीमा संन्चालन भएको .............विद्यालय नर्सको नियुक्ति गर्ने, तलब भत्ता,बृत्ति बिकास तथा सेवा सुबिधा सम्बन्धी ब्यवस्था गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाले गरि सोको नियमन समेत् पहिलो पक्षले गर्नेछ, निजि विद्यालयको हकमा यो जिम्मेवारी दोश्रो पक्षको हुनेछ र सोको नियमन प्रथम पक्षले गर्ने छ ।

२, विद्यालय स्वास्थ्य इकाईका लागि आवश्यक पुर्बाधार दोश्रो पक्षले मिलाउनु पर्ने छ ।

३, अनुसूची -२ (क) बमोजिम स्वच्छ खानेपानी,किशोर,किसोरी मैत्री शौचालय,फोहोरमैला ब्यवस्थापन, भौतिक पूर्बाधार,आदी दोश्रो पक्षले ब्यबस्थापन गर्नुपर्ने र अनुसुचि २ (ख) बमोजिमका औजार,उपकरण,सामाग्री,औषधीको ब्यवस्था प्रथम पक्षले गर्नु पर्ने छ।

(४) दोश्रो पक्षले समय समयमा विद्यार्थीहरुको स्वास्थ्यको प्रगति बिवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ

(५) प्रथम पक्षले विद्यालय स्वास्थ्य इकाईले प्रदान गर्ने स्वास्थ्य सेवा तथा सो इकाईको ब्यवस्थापनको नियमित अनुगमन,मुल्यांकन तथा नियमन गर्नेछ ।

(६) विद्यालय नर्सले विद्यालयको प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनकासाथै गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियाको शिक्षा तथा स्वास्थ्य शाखाको समन्वयमा रही कामकाज गर्नु पर्ने छ ।

<u>प्रथम पक्ष</u>

<u>दोश्रो पक्ष</u> नामः-

नामः- पदः- प्रमुख

प्रशासकीय अधिकृत पदः-

प्रधानाध्यापक दस्तखतः-

दस्तखतः- कार्यालयको छापः-

विद्यालयको छापः-

साक्षीः-

प्रथम पक्षको तर्फ बाट दोश्रो

पक्षको तर्फ बाट १,

१, २,

२, ३,

३, इति सम्बत्

.....साल......महिना...गते...रोज...शुभम्

# अनुसूची -२

## विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्बाधार,औजार,उपकरण,सामग्री तथा औषधी र औषधीजन्य सामानहरु

### (क) कार्यकक्ष ब्यवस्थापनः-

(१) कुर्सि -३
(२) टेबुल-२
(३) ल्यापटप (इन्टरनेट सुबिधा सहित)-१
(४) दराज-२
(५) बेन्च-१
(६) सुचना पाटि-१
(७)स्वास्थ्य शिक्षा सामाग्री र प्रदर्शन बोर्ड
(८) कपडा राख्ने Rack र ह्यांगर -१
(९) तौलिया-१
(१०) हात धुने सुबिधा
(११) स्टेशनरी आवश्यकता अनुसार
(१२) पर्दा तथा अन्य सामाग्री आवश्यकता अनुसार विद्यालयले थपघट गर्न सक्नेछन

(ख) क्लिनिक Set up :-

| Equipment | Required Quantities | Remarks |
|---|---|---|
| Examination bed with matteress blankets and pillow | 1 | |
| Sick Room with bed with mattress blankets and pillow | 1 | |
| Foot step | 1 | |
| Weight machine | 1 | |
| Height Board | 1 | |
| Torch light | 1 | |
| Measuring Tape (MUAC) | 1 | |
| Knee hammer | 1 | |
| Snellen chart | 1 | |
| Tunning fork | 1 | |
| First Aid kit with basic medicine,First Aids Chart | 1/1 | |
| Sanitary Pads (Dignified menstrual hygiene set) | As needed | |

नोटः माथि उल्लेखित उपकरणहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको हुनु पर्ने छ ।

# अनुसूची -३

## विद्यालय नर्सको काम र कर्तब्य

### मुख्य जिम्मेवारी

- विद्यालय नर्सले विद्यार्थीलाई प्रर्वद्धनात्मक,प्रतिकारात्मक,उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउने ।
- विद्यालयमा स्वास्थ्य कक्षाकासाथै नर्सिङ तथा आपतकालिन कक्षको पनि ब्यबस्थापन गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संन्चालनकालागी नेतृत्वदायी भूमिका बहन गर्ने ।
- विद्यालयको बातावरण सिक्न र सिकाउनकालागी सुरक्षित एवं बालबालिका तथा किसोर किसोरी मैत्री बनाउन सहयोग गर्ने ।
- विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभाबकारी बनाउनकालागी विद्यार्थीद्वारा विद्यार्थीलाई चेतना मूलक कार्यक्रम संन्चालन गर्ने ।
- विद्यार्थीलाई स्वस्थ राख्नकालागी अभिभावकसंग समन्वय गरी कामगर्ने ।
- विद्यार्थीलाई स्वस्थ जिवनशैलीसंग सम्बन्धित आचरण सिकाउनकासाथै सकारात्मक सोचको समेत् बिकास गर्न मद्दत गर्ने ।
- गेरूवा गाउँ कार्यपालिकाको कार्यालय संग आबश्यक समन्वय गर्ने ।

### सेवा प्रबाहसंग सम्बन्धित जिम्मेवारी

**(१) प्रर्वद्धनात्मक सेवा**

- विद्यार्थीको स्वस्थ जिवनशैली संग सम्बन्धित ब्यबहारको (सुर्तिजन्य पदार्थ,मदिराजन्य पदार्थको प्रयोगमा नियन्त्रण) प्रर्वद्धन गर्ने ।
- पोषण सेवाः-बिभिन्न किसिमको पोषिलो खानाबारे चेतनामूलक कार्यक्रम संन्चालन गर्ने जस्तै पोषणको महत्वबारे जानकारी दिने ,स्वस्थकर खानाको प्रर्वद्धन गर्ने,पोषण सम्बन्धी पोष्टर टाँस्ने, पोषणयुक्त खानाको प्रदर्शन गर्ने,मेस तथा क्यान्टिनमा पोषिलो खाना र सरसफाईको ब्यबस्था मिलाउनमा जोडदिने, पोषणयुक्त खाजा खान उत्प्रेरित गर्ने,पत्रुखान (Junk Food) प्रयोगमा नियन्त्रण गर्ने ।
- पोषणयुक्त अर्गानिक खानाको सूची तयारगरी विद्यार्थी र अभिभावकलाई जानकारी गराउने ।
- विद्यार्थीलाई लागु पदार्थको प्रयोग नगर्न स्वास्थ्य शिक्षा दिने

- विद्यार्थीहरूलाई लैंगिक हिंसा,बालहिंसा,बालबिबाह,चेलिबेटी बेचबिखन,बालबालिका तथा महिला अधिकार,ब्यक्तिगत तथा बातावरणिय सरसफाई , फोहोरमैला ब्यबस्थापन,किसोर किसोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य ,खोप,सुरक्षित मातृत्व,सरूवा रोग तथा नसर्ने रोग नियन्त्रण, आदि बिषयमा स्वास्थ्य शिक्षा प्रदान गर्ने ।
- विद्यालयमा स्वच्छ खानेपानी, लैंगिक,अपाङ्गमैत्री शौचालय लगायत बिध्यार्थमैत्री पूर्वाधार निर्माण तथा ब्यबस्थापनकालागी पहल गर्ने ।
- प्रभाबकारी तथा रचनात्मक सिकाईकालागी विद्यार्थी द्वारा विद्यार्थीहरूलाई स्वास्थ्य शिक्षा दिने परम्परा सुरूवात गर्ने ।
- विद्यार्थीहरूमा सकारात्मक सोच बिकास गर्नकालागी विद्यालयमा स्वास्थ्य सम्बन्धी प्रदर्शनी,नाटक,आदिको आयोजना गर्न प्रोत्साहन गर्ने ।
- प्राकृतिक प्रकोप तथा बिपदबारे विद्यार्थी,शिक्षक तथा कर्मचारीलाई सचेत गराउने र त्यसबाट हुने जोखिम न्यून गर्न आबश्यक पहल चाल्ने ।

**(२) प्रतिकारात्मक सेवा**

- रोगको रोकथाम संग सम्बन्धित सेवा उपलब्ध गराई आबश्यकता अनुसार प्रेषण गर्ने ।
- नेपाल सरकार,प्रदेश सरकार,तथा गेरूवा गाउँपालिका बर्दिया द्वारा संन्चालित विद्यालय लक्षित जनस्वास्थ्य कार्यक्रम संन्चालन गर्ने ।
- विद्यालयमा कुनै सरूवारोग देखापरेमा स्थानीय स्वास्थ्य संस्थालाई छिटो जानकारी गराउने र ब्यबस्थापनमा सक्रिय भूमिका निर्बाह गर्ने ।
- विद्यालयको बातावरण भौतिक तथा मनोसामाजिक रूपमा स्वस्थकर र विद्यार्थीमैत्री बनाउन सहजिकरण गर्ने ।

**(३) परामर्श सेवा**

- किसोराबस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन,प्रजनन् स्वास्थ्य,परिवार नियोजन र यौन अनी यौनिकता सम्बन्धी बिषयमा परामर्श दिने ।
- मानसिक समस्या र अन्य स्वास्थ्य सम्बन्धी समस्या ब्यबस्थापनकालागी विद्यार्थीलाई मनोसामाजिक परामर्श दिने सम्भव भएसम्म मनोसामाजिक परामर्शकालागी अलग्गै परामर्श कक्षको ब्यबस्था मिलाउने ।
- फरक क्षमता भएका विद्यार्थीको क्षमता अभिबृद्धि गर्न परामर्श सेवा दिने ।

- दिर्घरोग लागी लामो समय सम्म उपचार आबश्यक पर्ने विद्यार्थीको पहिचानगरी तिनका अभिभावक संगै राखी यथोचित परामर्श दिने ।
- प्राथमिक उपचार बारे शिक्षक,विद्यार्थी,अभिभावकलाई परामर्श गर्ने ।

**(४) स्वास्थ्य परिक्षण तथा प्राथमिक उपचार**

- गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया संग समन्वय गरी समय समयमा विद्यार्थीको बिशेष स्वास्थ्य परिक्षण गर्ने । (छालाको परिक्षण,दाँत,मुख,कान,नाक,बिशेष गरी आँखा)
- पोषणको अवस्था पत्ता लगाउन एन्थ्रोपोमेट्रिक मेजरमेन्ट ( Anthropometric measurement) गरी मापदण्ड अनुसार भए नभएको एकिन गरी ब्यबस्थापन गर्ने ।
- विद्यार्थी,शिक्षक तथा कर्मचारीहरूलाई लाग्ने सामान्य चोटपटक,घाउ खटिरा तथा आकस्मिक आईपर्ने समस्याको प्राथमिक उपचार तथा ब्यबस्थापन गर्ने ।
- महिनावारी संग सम्बन्धित बिभिन्न किसिमका समस्या समाधान गर्न किसोरी हरूलाई सहयोग गर्ने ।
- किसोरीहरूलाई निशुल्क सेनेटरिप्याड बितरणकालागी आबश्यक पहल गर्ने ।
- विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नकालागी विद्यार्थी भर्नाको समयमा अभिभावक संग स्वास्थ्य परिक्षण तथा उपचार र प्रेषणकालागी पूर्व सुसूचित मन्जुरिनामा लिईराख्ने ।

**(५) प्रेषण सेवा**

- विद्यार्थी,शिक्षक,कर्मचारीलाई थप उपचार आबश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासंग समन्वयगरी उपयुक्त स्वास्थ्य सुबिधा भएको स्वास्थ्य संस्थामा प्रेषण गर्ने,प्रेषण गर्दा अनिबार्य रूपमा बिरामीको अभिभावकलाई जानकारी गराई प्रेषण पुर्जा भरेर पठाउने ।
- प्रेषणकालागी स्टेचर तथा अन्य सामग्री तयारी अवस्थामा राख्ने र एम्बुलेन्सकालागी नजिकका संन्चालनमा आएका एम्बुलेन्स संन्चालक तथा ड्राईभरहरूका सम्पर्क फोन नम्बर अध्याबधिक गरी राख्ने ।
- प्रेषण गरिएका विद्यार्थी,शिक्षक,कर्मचारीलाई आबश्यकता अनुसार अनुगमनगरी अभिलेख राख्ने ।

**<u>ब्यबस्थापकीय जिम्मेवारी</u>**

(१) योजना तर्जुमा

(क) दैनिक कार्ययोजनाः-

- विद्यार्थीहरूलाई ब्यक्तिगत सरसफाई गर्नकालागी उत्प्रेरित गर्ने र समय समयमा निरिक्षण गर्ने ।
- मेस वा क्यान्टिन भएको विद्यालयमा पूर्ब निर्धारित खानाहरू उपलब्ध भए नभएको एकिन गर्ने ।

- विद्यार्थीहरूले ल्याएको खाजामा जंकफुड भए नभएको एकिनगरी जंकफुड भएमा खान निरूत्साहित गर्ने ।
- आबश्यक परेको खण्डमा विद्यार्थीहरूको स्वास्थ्य स्थितिको बारे अभिभावक हरूसंग समन्वय गर्ने ।
- विद्यार्थी,शिक्षक,कर्मचारीहरूको स्वास्थ्य समस्या तथा आबश्यकताहरू समाधान गर्न तत्पर भएर बस्ने ।
- आबश्यकता अनुसार स्वास्थ्य शिक्षा दिने ।

**(ख) मासिक कार्ययोजना**

- विद्यालय स्वास्थ्य ईकाइ समितिको बैठक बसाल्ने ।
- विद्यालय ब्यबस्थापन समितिको बैठकमा भागलिने ।
- अतिरिक्त क्रियाकलाप संन्चालन हुँदा आइपर्ने स्वास्थ्य समस्याको ब्यबस्थापन गर्न तत्पर रहने ।
- विद्यालयमा संन्चालनहुने कार्यक्रमहरूमा स्वास्थ्य संग सम्बन्धित जानकारीमुलक स्वास्थ्य सूचना तथा सन्देश प्रवाह गर्ने ।
- स्वास्थ्य समस्याका कारण गयल भएका विद्यार्थीहरूको अभिलेखराखी अभिभावक संग आबश्यक छलफल गर्ने ।
- नियमानुसार विद्यालय तथा स्वास्थ्य संस्था र शिक्षा शाखामा मासिक प्रतिबेदन पेश गर्ने ।
- नेपाल सरकार,प्रदेश सरकार तथा गेरूवा गाउँपालिका बर्दिया द्वारा स्वास्थ्य सम्बन्धी संन्चालित कार्यक्रममा आबश्यक सहयोग गर्ने ।

**(ग) बार्षिक कार्ययोजना**

- विद्यालयमा स्वास्थ्य सम्बन्धी भएका कार्यक्रमहरूको अभिलेख राखुकासाथै सम्बन्धित निकायमा प्रतिबेदन पेश गर्ने ।
- बर्षभरिकालागी अनुमानित स्वास्थ्य शिक्षण सामग्री,स्वास्थ्य सेवा प्रदान गर्नकालागी औजार,उपकरण,औषधी आदिको बिबरण तयारगरी सम्बन्धित निकायमा माँग सहित पेशगर्ने
- विद्यालयमा बार्षिक संन्चालन हुने स्वास्थ्य कार्यक्रमको तालिका बनाउने ।

- विद्यार्थीको बिशेष स्वास्थ्य परिक्षण (छालाको परिक्षण,दाँत,मुख,कान,नाक,बिशेष गरी आँखा) गर्नकालागी सम्बन्धी स्वास्थ्य संस्थासंग समन्वय गरी बर्षमा २ (दुई) पटक परिक्षण गर्ने तालिका बनाउने ।
- शिक्षक र अभिभावक बिचको मिटिङमा समय मिलाएर स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमको बार्षिक योजना तयार गर्ने ।
- नेपाल सरकार,प्रदेश सरकार तथा गेरूवा गाउँपालिका बर्दिया द्वारा सन्चालित विद्यालय स्वास्थ्य कार्यक्रम कार्यान्वयनका लागीआवश्यक योजना तयार गर्न सहयोग गर्ने ।
- भिटामिन ए तथा जुकाको औषधी र हात्तिपाइलेको औषधी खुवाउने राष्टिय कार्यक्रमका लागी पुर्ब तयारीको साथ ब्यवस्था मिलाउने ।
- किसोर किशोरी लाई आइरन चक्की ,जुकाको औषधी खुवाउनका लागी औषधी माँग गरी पुर्ब तयारीमा रहने ।

**(२) समन्वयात्मक भुमिका**

- विद्यालय रहेको वाडामा भएको स्वास्थ्य संस्था संग मिलेर विद्यालय भित्र /बाहिर स्वास्थ्य सम्बन्धि गतिबिधि गर्ने ।
- विद्यालय स्वास्थ्य एकाइ,शिक्षक तथा कर्मचारीसँग नियमित बैठक बस्ने ।
- विद्यालय स्वच्छ खानेपानी, लैङिग तथा अपाङमैत्री शौचालय लगायतका विद्यार्थीमैत्री पुर्बाधार भए/नभएको जाँच गरी सोको ब्यवस्थापनका लागी आवश्यक समन्वय र पहल गर्ने ।
- शिक्षक तथा अभिभावक बिच हुने बैठकमा आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धि बिषयमा जानकारी दिने ।
- पाठयक्रम अनुसारका कक्षागत / बिषयगत स्वास्थ्य सम्बन्धि क्रियाकलापको पठनपाठनमा बिषय शिक्षक सँग अन्तरक्रियात्मक कार्य गर्ने, गराउने र पठनपाठनमा आवश्यक सहजिकरण गर्ने
- सर्ने तथा नसर्ने रोगबाट बच्न रोगको जोखिम न्यून गर्ने उपायका लागि आवश्यक समन्वय गर्ने ।

- बिपद् तथा प्रकोपको पुर्ब तयारी तथा ब्यवस्थापनका लागी गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दिया सँग समन्वय गर्न विद्यालय ब्यवस्थापन समितिलाई सहयोग गर्ने ।
- गुणस्तरीय विद्यालय स्वास्थ्य सेवाका लागी सरकारी तथा गैर सरकारी संस्था सँग आवश्यक समन्वय गर्ने त्यस्तै सन्चालनमा रहेको रेडक्रस संग समन्वय गरी स्वास्थ्य सेवालाई थप सुरक्षित तरिकाले प्रदान गर्ने ब्यवस्था मिलाउने ।
- विद्यार्थीको नियमित स्वास्थ्य निरिक्षण गर्नका लागी कक्षा शिक्षकसँग समन्वय गर्ने
- नेपाल सरकार,प्रदेश सरकार तथा गेरूवा गाउँपालिका बर्दिया बाट सन्चालित गोष्ठी, सेमिनार आदि तालिममा सहभागी हुनका लागी आवश्यक समन्वय गर्ने ।
- समय समयमा हुने राष्टिय तथा अन्तर्राष्टिय स्वास्थ्य दिवश मनाउन सरोकारवाला निकायसँग समन्वय गरी विद्यालयको समेत सहभागिता हुने गरी आवश्यक ब्यवस्था मिलाउने।

<u>(३) अभिलेख तथा प्रतिबेदन</u>

- नेपाल सरकार तथा प्रदेश सरकारले सन्चालन गर्ने विद्यालय लक्षित जनस्वास्थ्य कार्यक्रम सन्चालन गरी सोको प्रतिबेदन गेरूवा गाउँ कार्यपालिकाको कार्यालय बर्दियामा पेश गर्ने ।
- सेवा प्रदान गरेको माशिक प्रतिबेदन तयार गरी विद्यालय भएको वाडाको स्वास्थ्य संस्था,शिक्षा शाखा र विद्यालयमा प्रत्येक महिनाको सात गतेभित्र अघिल्लो महिनाको प्रतिबेदन बुझाउने ।
- विद्यालयमा अध्ययनरत प्रत्येक विद्यार्थीको ब्यक्तिगत स्वास्थ्य बिवरण अद्यावधिक गर्ने र विद्यालय परिवार र अभिभावकसँग सहकार्य गरी स्वास्थ्य सेवाको नियमितता सुनिश्चित गर्ने ।

<u>(४)सम्बन्धित अन्य कार्य</u>

- प्रधानाध्यापक तथा विद्यालय ब्यवस्थापन समितिलाई स्वास्थ्यसँग सम्बन्धित बिषयमा सुझाब दिने ।
- प्रधानाध्यापकको मार्ग निर्देशनमा तोकिएको स्वास्थ्य तथा बाताबरणीय सरसफाई सम्बन्धि कार्य गर्ने ।

- विद्यालय स्वास्थ्य तथा बातावरण सुधारका लागी रणनितिक योजना तयार पार्न विद्यालय ब्यवस्थापन समितिलाई सहयोग गर्ने ।
- सिकाइ दुर्बलता भएका विद्यार्थी समयमा पहिचान गरी आवश्यक ब्यवस्था मिलाउन विद्यालय प्रशासन तथा अभिभावकलाई सहयोग गर्ने ।
- शारीरिक दुर्बलता भएका विद्यार्थीलाई आवश्यकता अनुसार सहयोग गर्ने ।
- शारीरिक सजाय रोक्न शिक्षकलाई सचेत तथा सहयोग गर्ने ।
- विद्यालय स्वास्थ्य संग सम्बन्धित अध्ययन तथा अनुसन्धान कार्यमा सहभागी भई आवश्यक सहयोग गर्ने ।
- अत्यावश्यक संस्था जस्तै एम्बुलेन्स,दमकल,ब्लड बैंक,प्रहरी कार्यालयको फोन नम्बर विद्यालयको सुचना पाटीमा राख्ने ।
- शिक्षक शिक्षिकालाई प्राथमिक उपचारसम्बन्धि तालिम सन्चालनकालागी आवश्यक पहल गर्ने ।
- कक्षाकोठा र विद्यालयको बातावरण नियमित रूपमा अवलोकन गर्ने ।
- बिभिन्न अपांगता र रोगहरूको स्क्रिनिङ गरी आवश्यक ब्यवस्थापन गर्ने ।

# अनुसूचि -४

## विद्यार्थीको स्वास्थ्य सम्बन्धी अभिलेख फारम

**Identifying Information**

| | | | |
|---|---|---|---|
| Name of Student:- | | Identification no. | Photo |
| Age:- | Sex:- | Blood group:- | Date of Birth: |
| Weight in kg: | | Height in cm: | Standard: |
| Name of Father | Age: | Occupation: | Contact no.: |
| Name of Mother | Age: | Occupation: | Contact no.: |
| Address: Temporary:<br><br>Permanent: | | | |
| Guardians name: | Relationship: | Contact no.: | |
| Ethnic group: | | Religion: | |
| Date and time of examination: | | | |
| Chief/presenting complaint | | | |
| Past history: | | | |
| To be filled by parents at the time of admission | | | |

| Immunizatio history: | BCG | DPT/*HIB*/HepB/OPV/PCV | | | Rotavirus | | JE | Measles, Rubella | | FIPV | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1st | 2nd | 3rd | 1st | 2nd | | 1st | 2nd | 1st | 2nd |
| | | | | | | | | | | | |

| | |
|---|---|
| Previous illness, injuries, or operations | |
| Allergies, respiratory difficulty, rash, hives, itching etc | |
| Current medications: | |

| |
|---|
| Birth marks, birth defects: |
| Nutrition history: |
| Usual mealtimes: |
| What the child eats in: |

| | | |
|---|---|---|
| Breakfast: | Lunch: | Dinner: |

| | |
|---|---|
| Lost or gained weight recently: | Body mass Index: |

| |
|---|
| Any problem regarding appetite: |
| Growth and development history: |
| To be filled by school health nurse: |

| | |
|---|---|
| Academic performance: | Rank: |

| | | |
|---|---|---|
| Withdrawn/shy: | Hyperactive: | Aggrasive: |
| Maintains friendship: | maintains eye contact: | participates in group activities: |

| | |
|---|---|
| Comunicates effectively: | Understand directions: |
| Stay in group: | Recognizes danger: |
| Physical mobility and limitations: | Play and or sports activities: |
| Length and timing of night time sleep: | Nightmares other sleep disturbances: |

| Systems Review | Any potential health problems related to: | Remarks |
|---|---|---|
| General | General growth pattern, overall health status, ability to keep up with other children or tires easily activity, fever etc. | |
| Skin and lymph | Rashes, dry skin, itching, changes in skin color or texture, tendency for bruising, swollen or tender lymph glands | |
| Hair and nails | Hair loss, changes in color or texture, Abnormalities of nail growth, changes in color | |
| Head | Headaches, injuries | |
| Eyes | Vision problems, squinting, crossed eyes, lazy eye, wears glasses, eye infections, redness, tearing, rubbing, eyelids | |
| Ears | Ear infections, frequent discharge from ears, hearing loss (no response to loud noises or questions, inattentiveness, was hearing test ever done?), having hearing aids or cochlear implant. | |

| | | |
|---|---|---|
| Nose and sinuses | Nosebleeds, nasal congestion, colds with runny nose, sinus pain or infections, nasal obstruction, difficulty breathing, snoring at night, sleep apnoea. | |
| Mouth and throat | Mouth breathing, difficulty swallowing, sore throats, mouth odor, cavities, Voice change, hoarseness, speech problems | |
| Cardiac and hematologic | Palpitation, weakness, cyanosis, odema, rheumatic *f*ever, chest pain, bleeding, pallor, lymphadenopathy. | |
| Chest andrespiratory | Trouble,breathing,choking,episodes,cough,wheezing,to tuberculosis, dyspnea, c yanosis,exposure hemoptysis | |
| Gastrointestinal | Bowel movements, frequency, color, regularity,consistency,discomfort, constipation or diarrhea, abdominal pain, bleeding from rectum, flatulence, nausea or vomiting, increased or decreased appetite, distension | |
| Genito-Urinary | Frequency, urgency, dysuria, dribbling, strength of Urinary stream, enuresis, hematuria. | |
| | Toilet trained-age when day and night dryness attained. | |
| Reproductive: Only for adolescence | | |
| Female | Menses onset, amount, duration, frequency, discomfort, problems; vaginal discharge, breast development | |
| Male | Puberty onset, emissions, erections, pain or discharge from penis, swelling or pain in Testicles. | |
| Both | Sexual activity, use of contraception, presence of Sexually transmitted diseases. | |
| Musculoskeletal | Weakness, clumsiness, poor coordination, balance, tremors, abnormal gait, painful muscles or joints, swelling or redness of joints, fractures | |
| Neurologic | Brain or head injuries, seizures, fainting spells, dizziness, numbness, tearing problems, attention span, hyperactivity, *m*emory problems, focal weakness. | |
| Family history: | heart diseases, glaucoma, tuberculosis, sickle cell anemia, thalassemia, cancers, diabetes mellitus, psychiatric disorders, muscular dystrophy, down syndrome | |

Physical Assessment

| | | | |
|---|---|---|---|
| Physiological measurement: | Temperature: | Pulse: | Respiration: |
| | Blood pressure: | 02 saturation: | Pain: |
| General | General appearance: | | |
| | Facial expression: | Hygiene status: | |
| Assessing and nails | colour, moisture | turgor: | presence of leisons: |
| | Capillary refill: | Clubbing nails: | Cyanosis: |
| Assessing head & face | Shape of head | Facial symmetry during smiling, talking, crying: | |
| | Scalp hair color: | Distribution: | Cleanliness: |
| Assessing eye structures and function | External structures, Eyeballs eyelids lashes | Eyemusclesaccommodation: cover uncover tests: | Vision: |
| Assessing ear | External structures | internal Structures | Hearing assessment |

| | | | |
|---|---|---|---|
| Assessing nose | Patency, smell | Nasal septum: | Sinuses: |
| Assessing mouth andthroat | Mouth,lips,color,odors,leisons | Teeth no | oral hygiene dental carries |
| | Gums,mucosa,tongue | cleft lip palate | Tonsils |
| Assessing neck | Palpation for lymph nodes | Position of trachea | Thyroid enlargement: |
| Assessing chest | Size and shape: | Respiratory effort | Retraction |
| | Auscultation of breathing sound: | Heart sound: | |
| Assessing breasts | Inspection, palpation: | | |
| Assessing abdomen | Inspecting the shape, condition ofumbilicus, auscultation, palpation | Special maneuvers for ascites*Fluid wave test,Shifting dullness* | |
| | Special test for appendicitis*Rebound tenderness: Psoas sign:Obturator sign* | Special test for acute cholecystitis *Murphy sign::* | |
| Assessment of inguinal area | Inspection, palpation | | |
| Assessing genital and perineal | Inspect the externalgenitalia for colour,inflammation, masses: | Determine the stage of pubertal maturation | |
| | Inspect the male genitalia for penis, | Inspect the female genitalia for vaginal, | |
| areas | scrotum, and testicles: | Discharge lacerations: | |
| Inspection of anus and rectum | Inspection for patency, spincture control, fissures, lesions: | | |
| Assessing musculoskeletal system | Inspection and palpation of bone muscles and joints: | | |
| Active range of motion | passive range of motion: | muscles strength: | |
| Posture and spinal alignment: | | | |
| Assesing nervous system | Cognitive function; memory | Superficial and deep tendon reflexes: | |
| | Behaviors: | Coordination | |
| | Communication: | Balance, Romberg test: | |

Management after Examination

- Discuss the findings with the parents.
- Notify pediatrician if the examination findings suggest review is required.
- Document all findings on the health history chart.

# अनुसूची -५

## मासिक प्रतिबेदन

स्थानीय तहको नामः-गेरूवा गाउँपालिका बर्दिया मितिः-

विद्यालयको नामः- जम्मा विद्यार्थी संख्याः-

ठेगानाः-

| सि. नं. | क्रियाकलाप | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | |
| १ | विद्यार्थीहरूको सामान्य स्वास्थ्य परिक्षण | | | | |
| २ | शिक्षक तथा कर्मचारीहरूको सामान्य स्वास्थ्य परिक्षण | | | | |
| ३ | पोषण सम्बन्धी परामर्श दिएको | | | | |
| ४ | पोषणको अवस्था सुधार भएको | | | | |
| ५ | निशुल्क सेनेटरीप्याड बितरण | | | | |
| ६ | मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा दिएको | | | | |
| ७ | जिवनशैलीसंग सम्बन्धीत परामर्श सेवा दिएको | | | | |
| ८ | प्रजनन् स्वास्थ्य सेवा सम्बन्धी कक्षा संन्चालनगरी स्वास्थ्य शिक्षा दिएको | | | | |
| ९ | प्रेषण गरिएका | | | | |
| १० | जुकाको औषधी खुवाएको | | | | |
| ११ | लगातार १३ हप्ता सम्म आईरन चक्की खाने किसोरी | | | | |
| १२ | एन्थ्रोपोमेट्रिक मेजरमेन्ट जाँच | | | | |
| | हरियो | | | | |
| | पहेंलो | | | | |
| | रातो | | | | |
| १३ | ..................................सम्बन्धी चेतनामूलक कार्यक्रममा सहभागी | | | | |
| १४ | आकस्मिक स्वास्थ्य सेवा प्रदान गरेको | | | | |
| | जम्माः- | | | | |

| बैठक | | पटक | कैफियत |
|---|---|---|---|
| १ | विद्यालय स्वास्थ्य समन्वय समितिको बैठक बसेको | | |
| २ | विद्यालय स्वास्थ्य इकाईको बैठक बसेको | | |

<u>तयार गर्नेः</u>- <u>प्रमाणित गर्नेः</u>-

विद्यालय नर्सको नामः- प्रधानाध्यापकको नामः-

दस्तखतः- दस्तखतः-

अनुसूची -६

**सुसूचित मन्जुरीनामा**

श्री................................................................. विद्यालयको कक्षा .........मा अध्ययनरत मेरो छोरा/छोरी....................................लाई विद्यालयमा रहदा/बस्दा वा पठनपाठनको क्रममाहुन सक्ने घाउ चोटपटक वा अन्य भबितब्य दुर्घटना हुँदा आवश्यक पर्ने प्राथमिक उपचार र प्रेषण गर्न अनुमती दिएको छु र सो क्रममा कुनै किसिमको समस्या परेमा विद्यालय परिवार उपर कुनै उजुर बाजुर गर्ने छैन भनी यो मन्जुरीनामा लेखी सहीछाप गरिदिएको छु ।

अभिभावकको औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

अभिभावकको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

सम्पर्क नं.

मन्जुरीनामा गराउने कर्मचारी तथा शिक्षकको

सहीः-

नामथरः-

पदः-

मितिः-

## अनुसूची -७

**प्रेषण पुर्जा**

मितिः-

समयः-

विद्यालयको नामः-

विद्यार्थीको नामः- ठेगानाः-

उमेरः- लिङ्गः- अध्ययनरत कक्षाः- सम्पर्क फोन नम्बरः-

(क) बिरामी स्वास्थ्य स्थिति

| तापक्रम Temperature | नाडीको गति Pulse rate | श्वास दर Respiratory rate | रक्तचाप Blood pressure | वजन Weight | उचाइ Height |
|---|---|---|---|---|---|
| | | | | | |

(ख) स्वास्थ्य समस्या/ लक्षण तथा चिन्हः-

(ग) प्रेषण पुर्ब दिएको उपचार/औषधी/सेवाहरूः-

(घ) प्रेषण गरिनुको कारणः-

(ङ)अन्य केही जानकारी भएः-

श्री.....................................................

उपरोक्त बिवरण भएको विद्यार्थीलाई आवश्यक सेवाका लागि तहाँ पठाइएको छ। सम्पर्कमा आएपछि फिर्ती जानकारी पठाइदिनुहुन अनुरोध छ ।

प्रेषण कर्ता सहीः-

नामथरः-

पदः-

सम्पर्क नं.

<u>सेवा दिएको बिवरण तथा फिर्ती जानकारी मितिः</u>-

फिर्ती जानकारी पठाएको विद्यालयको नामः-

सेवाग्राही विद्यार्थीको नामः-

उमेरः-

ठेगानाः-

लिङ्गः- अध्ययनरत कक्षाः- सम्पर्क नं.

सम्पर्कमा आएको मितिः-

दिएको उपचार/औषधी/सेवाहरूः-

फिर्ती जानकारी दिनेको दस्तखतः-

नामथरः-

पदः-

फिर्ती जानकारी दिने स्वास्थ्य संस्थाको नामः-

ठेगानाः-

सम्पर्क फोन नं.

आज्ञाले,
विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत